डम्बर बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत

# मिक्लाजुङ गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## मधुमल्ला, मोरङ

सिलवन्दि बोलपत्र आवहानको सुचना

पटक प्रकाशित मिति २०८०।०४।२६


स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२क. र गाँउ पालिका आर्थिक ऐन २०७९ बमोजिम तपशिलमा उल्लेखित नदिहरुको स्वीकृत नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि बिक्रि गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको २०८०।८१ को लागि नबिकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८।०७९ को करचुक्ता प्रमाणपत्र  संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (मुअकर सहित ) | संकलन र उत्खनन गर्न पाउने अधिकतम परिणाम (घन मि) | वोलपत्र दस्तुर | माध्यम |
|---|---|---|---|---|---|
| MRM/MOR/NCB/REV/01/2080-081 | मिक्लु,मगर खोला,आँपि,मुगु खोलाका नाकाहरुबाट  ढुंगा मात्र र सफेवा र सोल्टी खोलाका नाकाहरुबाट ढुंगा गिटि बालुवा, रोडा र ग्राभेल लगायत नदिजन्य पदार्थ संकलन तथा बिक्री | ३,२५,७८,०५३।९२ | १,१६,७१४।९६ | ५००० | E-Bidding |

<u>शर्तहरु</u>

१.  बोलपत्र दस्तुर  बापतको रकम एन एम बि बैंक मिक्लाजुङ शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०६१००५८२१३००००१३ मा जम्मा  गरि बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

२.  यो सुचना प्रकाशित भएको मितिले ३१ औ  दिन दिनको १२ वजे भित्रमा www.bolpatra.gov.np बाट E Bidding  को माध्यमवाट वोलपत्र पेश गर्नु पर्नेछ । फर्म वा कम्पनीले वोलपत्र पेश गर्दा आफुले कवोल अंक (मुअकर सहित) को ५ प्रतिशतले हुन आउने धरौटी रकम  एन एम बि बैंक मिक्लाजुङ शाखामा रहेको धरौटी खाता ०६१००५८२१३००००६१ मा जम्मा गरेको सकल भौचर वा नेपाल राष्ट वैंकवाट मान्यता प्राप्त वाणिज्य वैक वाट जारी भएको बोलपत्र खोल्ने दिन देखि कम्तिमा १२० दिन मान्य भएको वैक जमानत पत्र , फर्म वा कम्पनीको नबिकरण भएको प्रमाणपत्र, स्थाई लेखा नम्वर प्रमाणपत्र प्रतिलिपी र आ व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, बोलपत्र दस्तुर जम्मा गरेको भौचर र नागरिकताको प्रतिलिपी  पेश गर्नुपर्नेछ ।पेश भएका वोलपत्रहरु सोहि दिनको १:०० वजे कार्यालयका प्रतिनीधि र निर्माण व्यवसायी वा निजको प्रतिनीधिको रोहबरमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनीधि बोलपत्र खोल्ने




समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

३. बोलपत्र फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पस्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

४. प्रि बिड मिटिङ २०८०।०५।११ गते दिनको ११ बजे गाँउपालिकाको कार्यालयमा बस्नेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नुहुनेछ ।

५. म्याद नाघि, रीत नपुगि वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ


६. कबुल गरेको रकम एकमुष्ट रुपमा वुझाइ सम्झौता गर्ने फर्म वा कम्पनीले वा फर्मले मिक्लाजुङ गाँउपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४१ को उपनियम २ वमोजिम कार्यपालिकाको निर्णय अनुसार वढिमा १० प्रतिशत सम्म छुट दिइनेछ । किस्तामा वुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल गरेको (मुअकर सहितको रकमको ) ६० प्रतिशतले हुन आउने रकम अनिबार्य रुपमा सम्झौता गर्दाको समयमा बुझाउनुपर्नेछ । दोस्रो किस्ता चैत्र मशान्तमा बूझाउनु पर्नेछ ।दोस्रो किस्ता बापत ४० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र वैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ साल भाद्र मशान्त सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टि समेत पेश गरि पट्टा उठाउनु पर्नेछ । बोलपत्र कवोल गर्ने फर्मले आफुले कबोल गरेको मुअकर बाहेकको अंकमा नियमानुसार १३ प्रतिशत ले हुन आउने मुअकर समेत सम्झौता गर्दाको बखत यस कार्यालयमा बुझाउनुपर्नेछ । मुअकरको रकम समेत एकमुष्ठ नबुझाएमा नियमानुसार छुट दिईने छैन । नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटि रकम जफत गरि नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाँउपालिका अन्तर्गतका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानिय सरकार सन्चालन ऐन,२०७४, यस स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानून तथा अन्य प्रचलित कानुन वा मापदन्ड बमोजिम हुनेछ । साथै यस नगरपालिका बाट गरिएको बातावरणिय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अंग हुनेछ ।

८.ठेक्का अबधि २०८१ साल जेष्ठ मशान्त सम्म रहनेछ ।

९.ठेक्का सम्वन्धमा विस्तृत जानकारीको लागि गाँउ सम्पर्क गर्न सक्नुहुनेछ ।

१०. अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछन ।




**<u>नदीजन्य पदार्थहरु उत्खनन् सङ्कलन र बिक्री बितरण गर्ने सर्तहरु :</u>**

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री बितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन संकलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री बितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाँउपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. यस गाँउपालिका मातहतका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, प्रदेश कानून, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री बितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज , सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।


५. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइनेछैन ।

६. नेपाल सरकार वा गाँउपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन ।

७. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

८. बिक्री मूल्य वा शुल्क असुर गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ्ग बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नुपर्नेछ ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।



१०. तोकिएको म्यादभित्र ठेकेदारले गाँउपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा गाँउपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १० % का दरले ब्याज समेत ठेकेदारबाट गाँउपालिकाले असुल गर्नेछ ।

११. गाँउपालिकाले बिक्री मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१२. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१३. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा गाँउपालिकाको पूर्व स्विकृत लिएर मात्र राख्नुपर्नेछ ।

**सङ्कलन केन्द्र राख्ने स्थान**

| क.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१४.नदीजन्य सामग्रीमा प्रति घनफिट बिक्री दर रु. ६ मा मू.अ.कर बापत ०।७८ प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क संकलन गर्न पाइनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परीणाम उत्खनन् गर्न रोक लगाइनेछ ।

१५. उत्खनन् सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक बर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम गाउँपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

१६. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्री बापत गाँउपालिकालाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क (……%) | मू.अ.कर रकम (………..%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१७. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई बिशेष प्राथमिकता दिनुपर्नेछ ।

१८. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइनेछैन ।

१९. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाँउपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

२०. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुंगा, गिटी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

२१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च गाँउपालिकामा दावी गर्न पाइने छैन ।

२२. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ ।

२३. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुइसय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाइनेछैन ।

२४. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनुपर्नेछ र वन क्षेत्र भएर जाने भए वा कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।


२५. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट बिहान ६ बजेदेखि बेलुका ६ बजे सम्म मात्र उत्खनन् एवं संकलन समय अवधि हुनेछ ।

२६. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही गाँउपालिकाको सहमतिमा मात्र प्रयोग गर्नु पर्नेछ ।

२७. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२८. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नुपर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

२९. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।




३०. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३१. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्नुपर्नेछ ।

३२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यस उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

३३. यस कार्यालयसँग गत विगतमा भएको कारोवारमा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी वक्यौता भएको भए सम्झौता गर्नु पूर्व फछ्र्यौट गर्नुपर्नेछ, अन्यथा सम्झौता गर्न कार्यालय बाध्य हुने छैन ।
३४.ठेक्का सम्झौता भईसके पछि बन्द, हड्ताल वा कुनै कारण देखाई ठेक्का बापत बुझाउनु पर्ने किस्ता रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन् ।

३५. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध समेत गर्न सकिनेछ ।

३६. वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी, रोडा र ग्राभेल उत्खनन गरी बिक्री गर्न पाईने छैन ३७. IEE प्रतिवेदनले तोकेको स्थान/नाकाबाट तोकेको परिमाणमा मात्र सङ्कलन गर्न पाईनेछ । यसरी सङ्कलन गरेको परिमाणको लगत प्रत्येक १५/१५ दिनमा मिक्लाजुङ गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ । सङ्कलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्धी गरेर मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसरी सङ्कलन तथा घाटगद्धी गर्दाको लागत स्वयं ठेकेदारले व्यहोर्नु पर्नेछ । तोकिएको परिमाण भन्दा घटी परिमाणमा निर्माण सामाग्री सङ्कलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।

३८. विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिम पुल पुलेसा, संरक्षण क्षेत्र आदिको U/S मा १००० मिटर र D/S मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागबाट मात्र सङ्कलन गर्नुपर्नेछ । साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामग्री मात्र ओसार पसार गर्नुपर्नेछ । विभिन्न खोलाबाट निकालिने निर्माण सामग्री विक्री मुल्य करको ठेक्का लिए पश्चात निर्माण सामग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नुपर्नेछ । कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण कुनै पनि छुट मिनाहा दावी गर्न नपाईने र सो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन । निर्माण सामाग्री निकाल्दा विभिन्न खोलामा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नाकाभन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन । साथै निर्माण सामाग्री उत्खनन गर्ने समय बिहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ । साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नुपर्नेछ । यस किसिमका उजुरीहरु स्थानीय


डम्मर बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत

स्तरबाट आउन नदिने गरी सम्बन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ र सो वापतको खर्च दावी गर्न पाईने छैन ।

३९.ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

## उत्खनन् गर्न पाउने परिणाम

| क्र सं. | नाकाको नाम | IEE बमोजिम उत्खनन् गर्न सकिने (घ.मि.) | ठेक्का आव्हान गरिएको (घ.मि.) | गाँउपालिकाले ठेक्का नलाई योजनाहरुको राखिएको परिमाण |
|---|---|---|---|---|
| | **ढुंगा संकलन मात्र (मिक्लु , मगर, आपे,खोला)** | | | |
| १ | मिक्लु नाका | ८४४९.१६ | ८४४९.१६ | ० |
| २ | मगर खोला नाका | ११११९८.८८ | ११११९८.८८ | ० |
| ३ | आपे खोला नाका | ७४८७.२५ | ७४८७.२५ | ० |
| ४ | मुगु खोला नाका | १४९८७.८३ | १४९८७.८३ | ० |
| | A (जम्मा ढुंगाको परिमाण) | ४२१२३.१२ | ४२१२३.१२ | ० |
| | ढुंगा, गिटी तथा बालुवा संकलन | | | |
| ५ | सफेवा खोला नाका | ६५५९३.४४ | ६०५९३.४४ | ५०००.०० |
| ६ | सोल्टी खोला नाका | १५९९८.४० | १३९९८.४० | २०००.०० |
| | B (ढुंगा, गिटी तथा बालुवा) | ३२२५६१.७४ | ७४५९१.८४ | ७०००।०० |
| | कुल जम्मा परिमाण (A+B) | | ११६७१४.९६ | |




मधुमल्ला, मोरङ
कोशि प्रदेश, नेपाल

**बोलपत्र फारम दस्तुर रु. रु. ५,०००।-**

# बोलपत्र फारम

न्युनतम कबोल अंक रु. : ३,२५,७८,०५३।५७ (मुल्य अभिवृद्धि कर सहित)
उठाउन पाउने परिमाण : ढुंगा, गिटी, बालुला, रोडा र ग्रावेल १,१६,७१४।९६ घ.मि.

ठेक्काको अवधि : चलन पुर्जि पाएको मितिको भोलिपल्ट देखि २०८१ जेष्ठ मसान्त सम्मको लागि ।

१) ठेक्काको नाम : नदिजन्य पदार्थ संकलन तथा बिक्री कर संकलन
२) ठेक्का नम्वर : MRM/MOR/NCV/REV/01-2080/081
३) किसिम : ढुंगा, गिट्टी, ग्राभेल ,रोडा र बालुवाको बिकी कर उठाउने सम्वन्धी ।
४) कबोल रकम मु.अ.कर बाहेक (अंकमा) :
५) कबोल रकम मु.अ.कर बाहेक (अक्षरमा) :

६) राखिएको धरौटी रकम :
    क) रकम रु.......................................................... को बैंक भौचर नं. ................................
    ख)
७) कैफियत :
८) संलग्न कागजातहरु :
    क) आर्थिक बर्ष २०८०।८१ को लागि नवीकरण भएको दर्ता प्रमाण पत्र ।
    ख) मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र ।
    ग) आर्थिक बर्ष २०७८।७९ को कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि ।

**फर्मको छाप**

ठेकेदारको सही :
नाम, थर :
स्थायी ठेगाना :
पत्राचार गर्ने ठेगाना :
मोवाइल नं. :
इमेल :

**नोट : (न्यूनतम कबोल अंक भन्दा घटीमा पेश भएको बोलपत्र) मान्य हुने छैन ।**